

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २७० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज २४ गते बुधबार ❑ 11 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## कास्कीमा पनि डेंगु संक्रमण बढ्दो, सचेत रहन सुझाव

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज

कास्कीमा पनि डेंगु संक्रमण दर बढ्दो रुपमा रहेको छ । कास्कीमा हाल १ हजार ४ सय भन्दा बढी जनामा डेंगु संक्रमण देखा परेको स्वास्थ्य कार्यालय कास्कीका प्रमुख बद्री आचार्यले बताए ।

कास्कीमा डेंगु संक्रमण दर बढ्दो रुपमा रहेकोले अझै केही समय यस रोगबाट बच्न र बचाउन सचेतना आवश्यक भएको उनको भनाई छ । कास्कीमा हालसम्म १ हजार ४ सय ८१ जनामा डेंगु संक्रमण देखा परेको गण्डकी प्रदेशको सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयले जनाएको छ। गण्डकी प्रदेशकै सबै भन्दा ठुलो सामुदायिक अस्पताल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पनि हिजोआज डेंगु संक्रमणका बिरामीहरु आउने क्रम जारी रहेको अस्पतालका निर्देशक डा. भरतबहादुर खत्रीले हामीलाई बताए । उक्त अस्पतालमा हाल २ जना सघन उपचार कक्ष




(आईसियू) मा सहित गरी ११ जना डेंगु संक्रमणका बिरामीको भर्ना गरी उपचार हुँदै गरेको अस्पतालका बरिष्ठ मेडिकल रेकर्डर अधिकृत भिम प्रसाद पौडेलले जनाए ।

यसैबिच, गण्डकी प्रदेशमा हालसम्म ६ हजार ७ सय ७८ जनामा डेंगु संक्रमण देखा परेको छ। चालु आर्थिक बर्षको हालसम्म मुस्ताङ बाहेक १० जिल्लामा देखिएको उक्त तथ्याङ्क अनुसार डेंगु संक्रमणबाट हालसम्म प्रदेशमा ५ जनाको मृत्यु भएको गण्डकी प्रदेशको सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयले जनाएको छ। प्रदेशको सबै भन्दा धेरै तनहुँमा र हालसम्म एक जनामा पनि डेंगु संक्रमण देखा नपरेको जिल्ला मुस्ताङ रहेको गण्डकी प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा.मधुरजी ढकालले बताए । प्रदेशको राजधानि रहेको पोखरा क्षेत्रमा समेत यसको संक्रमण दर बढेको उनको दाबी छ ।

गण्डकी प्रदेशको तनहुँमा सबै भन्दा धेरै ४ हजार ६ सय ५१ जनामा डेंगु संक्रमण देखा परेको छ। हिमाल पारीको जिल्ला मनाङमा भने ६ जनामा डेंगु संक्रमण देखा परेको छ। त्यसै गरी सबै भन्दा थोरै पर्वतमा ४ जनामा डेंगु संक्रमण देखा परेको सूचना अधिकारी डा. ढकालले जनाउनु भयो । त्यसै गरी गोर्खामा यस बर्ष १ सय ७४ जनामा, लमजुङमा १ सय ४०, नवलपुरमा १ सय १०, स्याङ्जामा ५६, म्याग्दीमा ९२, बागलुङमा ६४ जनामा डेंगु संक्रमण देखा परेको उनले जनाए । स्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख एकनारायण लम्सालले केही समय अघि २ जनामा डेंगु संक्रमण देखा परेको बताए ।

गण्डकी प्रदेशका यस बर्ष हालसम्म डेंगु संक्रमणबाट ५ जनाको मृत्यु भएको सूचना अधिकारी ढकालले बताए । अझै पनि पानी परि रहेकोले गर्दा डेंगु संक्रमणको जोखिम अझै कायमै रहेकोले पूर्व सावधानि अपनाउने र संक्रमण भएमा चिकित्सकको सल्लाहमा मात्र औषधि लिन सूचना अधिकारी ढकालले उल्लेख गरे ।

## नेपाली काँग्रेस गण्डकी प्रदेश समितिको बैठक सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज

नेपाली काँग्रेस गण्डकी प्रदेश कार्यसमितिको बैठक विभिन्न निर्णय गर्दै सम्पन्न भएको छ ।

गण्डकी प्रदेश समितिका सभापति शुक्रराज शर्माको सभापतित्वमा सम्पन्न बैठकले पार्टी संगठनको सुदृढीकरण लगायतका सम्बन्धमा विभिन्न महत्वपूर्ण निर्णय गरेको छ ।

बैठकले पार्टीको गण्डकी प्रदेश सम्मेलन गर्ने निर्णय गरेको छ। बैठकले यही मंसिर १३ र १४ गते हुने महासमिति बैठकका लागि प्रदेशका तर्फबाट प्रस्तुत हुने प्रस्ताव तथा सुझाव तयार गर्न महामन्त्री किरणबाबु श्रेष्ठको संयोजकत्वमा उपसमिति गठन गरिएको छ । बैठकले प्रदेशबाट जिल्लाका प्रदेश क्षेत्रहरूमा खटाइएका प्रतिनिधिबाट प्राप्त प्रतिवेदनको अध्ययन एवम् कार्यान्वयन गर्नका लागि महामन्त्री विष्णुप्रसाद लामिछानेको संयोजकत्वमा ध्रुव शर्मा पगेनी र शोभा अधिकारी सदस्य रहनुभएको उपसमिति गठन गर्ने निर्णय गरेको छ । त्यस्तै बैठकले यही असोज २५ गते शुवर्ण शमशेर स्मृति विशेष कार्यक्रम गर्ने निर्णय गरेको छ । बैठकले विरेन्द्रप्रसाद मण्डलको संयोजकत्वमा लेखा समिति गठन गर्ने निर्णय गरेको छ। उक्त समितिका सदस्यमा तेजबहादुर कुँवर र पदमबन्धु पोखेल रहनुभएको छ । उक्त वैठकमा वीपी स्मृति पुस्तकालय गण्डकी प्रदेश समितिले भाद्र २४ गते ११० औ वीपी जयन्तीको अवसरमा आयोजित सम्मान कार्यक्रम एतिहासिक रहेको र अनुकरणीय कार्य गरेकोमा कृतज्ञता सहित बधाई ज्ञापन गरिएको थियो ।

बैठकले प्रदेश समिति सदस्य एवम् स्वास्थ्य विभाग संयोजक



नारायण बरालको असामयिक स्वर्गारोहण भएकोमा शोक प्रस्ताव पारित गरेको छ। त्यस्तै इजरायलमा भएको सांघातिक हमालामा परी निधन भएका १० जना नेपाली विद्यार्थीको निधनमा शोक व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै फसेका नेपालीको शीघ्र उद्धार गर्न आग्रह गरिएको छ। गण्डकीमा फैलिएको डेगुको प्रकोप नियन्त्रणका लागि बैठकले सरकारको ध्यानकर्षण गराएको छ । बैठकमा नेपाली काँग्रेस गण्डकी प्रदेश समितिका सभापति शुक्रराज शर्माले पार्टी संगठनलाई बलियो बनाउँदै लैजानु वर्तमानको आवश्यकता भएको बताउनुभयो ।

पार्टीको कार्यसमिति र पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिबीच समन्वय हुनु जरुरी रहेको बताउँदै उहाँले उहाँले पार्टीका नीति तथा सिद्धान्त अनुसार जनप्रतिनिधिहरू कृयाशिल हुनुपर्ने धारणा राख्नुभयो । त्यसैगरी उक्त वैठकमा सभापति शर्माले पार्टीलाई कमजोर हुने गरि कसैलेपनि जथाभावीरुपमा अभिव्यक्ति नदिनकोलागि अनुरोध गर्नुभएको थियो । नेपाली काँग्रेस संसदीय दल गण्डकी प्रदेशका नेता एवम् गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आँफू पार्टी संगठनसँग निरन्तर समन्वय गर्दै अघि बढीरहेको बताउनुभयो। एकतावद्ध रुपमा अघि बढ्न सकेमा पार्टी बलियो बन्ने उल्लेख गर्दै उहाँले सबै मिलेर विद्यमान समस्याको समाधान गर्न सकिने बताउनुभयो । नेपाली कांग्रेस नवलपुरका सभापति एवम् गण्डकी प्रदेशका कृषि तथा भूमि व्यवस्था मन्त्री महेन्द्रध्वज जिसीले कृषि क्षेत्रको विकासलाई प्राथमिकताका साथ अघि बढाइएको बताउनुभयो । पार्टीको नीति तथा आदर्शमा रही जनताले अपेक्षा गरे अनुसारका कामलाई अघि बढाउने कुरा आफ्नो प्राथमिकतामा रहेको उहाँले बताउनुभयो । नेपाली कांग्रेस तनहुँका सभापति एवम् गण्डकी प्रदेशका अर्थ मन्त्री जीतप्रकाश आलेले पार्टीको अधिवेशनमा तल्लो तहबाटै आउनुपर्ने व्यवस्थालाई सुनिश्चित गर्नुपर्ने बताउनुभयो ।

बैठकमा पार्टीका उपाध्यक्षद्वय कल्पना तिवारी र मेखलाल श्रेष्ठ, महामन्त्रीद्वय किरणबाबु श्रेष्ठ र विष्णु लामिछाने लगायतले आआफ्ना धारणा राख्नुभयो । प्रदेश सभापति शुक्रराज शर्माको सभापतित्वमा सम्पन्न बैठकको सञ्चालन महामन्त्री किरणबाबु श्रेष्ठले गर्नुभएको थियो । बैठकमा जिल्ला जिल्लामा खटिनुभएका प्रदेश कार्यसमितिका सदस्यले तत्तत् जिल्लाको पार्टी संगठन, गतिविधि एवम् समस्या सहित समाधानका उपाय बारे जानकारी गराउनुका साथै प्रतिवेदन पेश गरेको प्रवक्ता माधवप्रसाद बास्तोला( मधु)ले जानकारी गराउनुभयो ।

## गण्डकी प्रदेशका मुख्यमन्त्री र जापानी राजदूत विच भेटवार्ता

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र नेपालका लागि जापानी राजदूत किकुता युताका विच भेटवार्ता भएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलवार भएको भेटमा मुख्यमन्त्री पाण्डेले नेपाल र जापानको लामो समयदेखि मित्रवत सम्बन्ध रहेको बताए ।

गोरखा केन्द्रविन्दु भएर २०७२ सालमा गएको भुकम्पपछिको पुन निर्माण, विद्यालय निर्माण लगायतका काममा जापान सरकारले गरेको सहयोग स्मरण गर्दै मुख्यमन्त्री पाण्डेले भने 'स्वास्थ्य, शिक्षा, पूर्वाधारको क्षेत्रमा सहकार्यको अपेक्षा छ ।'

जापान सरकार र मातहतका दातृसंस्थाले स्वास्थ्यको क्षेत्रमा सहयोग गर्दै आएको बताउँदै मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेश सरकारको 'हर्ट हस्पिटल'



बनाउने योजनामा सहकार्य आवश्यक रहेको बताए। गण्डकी प्रदेशका केही जिल्लाहरु निकै दुर्गम रहेकाले त्यहाँ पूर्वाधार निर्माणमा सहयोगको जरुरी रहेको उनले बताए। प्रदेशसँगको स्रोत साधनले मात्रै सबै काम गर्न संभव नभएको र भौगौलिक विकटतालेपनि पूर्वाधार निर्माण खर्चिलो भएको उनले बताए । 'बिभिन्न देश र दातृ निकायहरुको सहकार्यमा प्रदेशभित्र सबै ठाउँमा विकासको गती सँगसँगै लैजानुपर्नेछ' मुख्यमन्त्री पाण्डेले भने 'हामी सबै देश र दातृ निकाय सँगको सुमधुर सम्बन्धमा गण्डकी प्रदेशको विकास चाहान्छौं ।'

विपद्को सामना गर्दै अघि बढेको जापानबाट नेपालले विपद् पूर्व तयारी र त्यसपछिको पुननिर्माण सिक्न आवश्यक रहेको बताउँदै उनले भुकम्प, बाढी, पहिरो जस्ता बिपद्को क्षेत्रमा सहकार्यको अपेक्षा रहेको बताए । नेपालका लागि जापानी राजदूत किकुता युताकाले नेपाल एक सुन्दर देश र गण्डकी प्रदेश अझै सुन्दर रहेको बताए । जापान सरकार र अर्न्तगतका दातृनिकायले निरन्तर नेपालमा गर्दै आएको सहयोग निरन्तरता पाउने बताउँदै उनले गण्डकी प्रदेश सरकारसँगपनि सहकार्य हुने विश्वास ब्यक्त गरे । जापान सरकारलेपनि नेपालसँग दिगो संम्बन्ध राख्न चाहेको उनले बताए ।

भेटमा स्थानीय जिविकोर्पाजन, खाद्य सुरक्षा, कृषि, ग्रामिण अर्थतन्त्रको विकास र रोजगारी सिर्जना लगायतका विषयमापनि छलफल भएको थियो । भेटघाटमा मुख्यमन्त्री कार्यालयका प्रमुख सचिव लक्ष्मी बस्नेत, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डाक्टर कृष्णचन्द्र देवकोटा, प्रदेश सचिव बद्रीनाथ अधिकारी, निजी सचिव राजेन्द्र क्षेत्री लगायतको उपस्थिती थियो ।

## घरपालुवा कुकुरलाई सार्वजनिकस्थलमा शौच गराए जरिवाना

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज

घरपालुवा कुकुरलाई जथाभावी दिशा-पिसाब गराउने कुकुरधनीलाई पोखरा महानगरले कारबाही गर्ने भएको छ ।

सार्वजनिकस्थल, सडक तथा खुला स्थानमा कुकुरलाई शौच गराएको पाइएमा फोहरमैला व्यवस्थापन नियमावलीअनुसार कारबाही गरिने महानगरको सरसफाइ शाखाका प्रमुख कल्पना बरालले बताउनुभयो । "घरमा




पालेका कुकुरलाई बाहिर खुला ठाउँमा लगेर दिसा-पिसाब गराउने गरेको व्यापक जनगुनासो आएपछि महानगरले निगरानी सुरु गरेको छ", उहाँले भन्नुभयो, "यस्तो अभियान महानगरको एक्लो प्रयासले मात्र सफल हुँदैन, नागरिकको पनि साथ चाहिन्छ ।"

कुनै कुकुरधनीले सार्वजनिकस्थलमा लगेर कुकुरलाई शौच गराएको देखेमा गोप्य ढङ्गबाट महानगरका प्रतिनिधिलाई खबर गर्न या प्रमाण उपलब्ध गराउन


बाँकी अन्तिम पृष्ठमा ▶▶





# नारा 'प्रहरी मेरो साथी', साथी बने दुश्मन

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २३ असोज

शान्ति सुरक्षा र अपराधिक क्रियाकलाप नियन्त्रण गर्ने नेपाल प्रहरीको कुनै बेला नारा थियो ' प्रहरी मेरो साथी' ।

प्रहरी हाम्रो साथी हो भन्ने नारा लिएर गाउँ टोलका समुदाय स्तरमा पुगेको प्रहरीनै दुश्मन बन्छ भन्ने बिषय यतीबेला उदाङ्गो बनेको छ । स्याङ्जाको वडा प्रहरी कार्यालय वालिङमा थुनुवा माथि चरम यातना दिएको भन्दै पिडितहरुले न्याय खोज्दै जिल्ला प्रशासन कार्यालय र मानव अधिकार आयोगमा उजुरी गरेपछि यो नारा उदाङ्गो भएको हो ।

गत भदौ २६ गते वालिङ स्थित एक होटलमा भएको कुटपिटको घटनामा संलग्न ४ जनालाई वडा प्रहरी कार्यालय वालिङवाट आएको टोलीले नियन्त्रणमा लिएर प्रहरी हिरासतमा राखेर कारवाहि गरिरहेको थियो । थुनुवा कक्षमा रहेका उनीहरु माथि प्रहरीले चरम यातना र कुटपिट गरेको पिडितहरुको आरोप छ । पिडितहरुले आफूहरुलाई प्रहरी कार्यालय भित्रै हतकडी लगाएर चरम यातना र कुटपिट गरेको आरोपमा



जिल्ला प्रशासन स्याङ्जा र मानव अधिकार आयोग समक्ष उजुरी गरेको जानकारी गराएका छन् ।

घट्नामा संलग्न वालिङका अशोक श्रेष्ठ, दिपेन्द्र अर्याल, रेशमवहादुर आले र मिलन कुँवरलाई प्रहरीले पक्राउ गरी अनुसन्धानको लागि हिरासतमा राखेको थियो । हिरासतमा रहेकै अवस्थामा राती ९ बजेदेखि १ बजे सम्म हतकडी लगाएर वाहिर उभ्याएर राखेको र थुनामा रहेका अर्याललाई चरम कुटपिट गरी घाईते वनाएको उनीहरुले दिएको निवेदनमा उल्लेख छ। कुटपिटबाट अर्यालको उच्च रक्तचाप भएपछि तत्काल गह्रौ ध्याङलिङ अस्पतालमा उपचारको लागि लगेको वुझिएको छ। अस्पतालले उनको अवस्था गम्भीर भएपछि थप उपचारको लागि वुटवल रिफर गरेको पिडितको भनाइ छ । अर्याल एक हप्तापछि उपचार गरेर पुन प्रहरीको सम्पर्कमा पुगेका थिए । उनको शरिरमा निलडाम र खुट्टामा गहिरो चोट लागेको बताइएको छ ।

कुटपिटको मुद्दामा रहेका उनीहरुको अदालतले सामान्य धरौटीमा छाडेपछि उनीहरुले न्यायको लागि जिल्ला प्रशासन र मानवअधिकार आयोगमा उजुरी गर्न पुगेको जनाएका छन् । हिरासतमा रहेका वेला वडा प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव उपरिक्षक इकवाल हवारी र प्रहरी निरिक्षक जनक बञ्जराको निर्देशनमा एक प्रहरी हवल्दारले निर्घात कुटपिट गरेको पिडितहरुको आरोप छ । कुटपिट गर्ने क्रममा बञ्जराले मोवाईलमा भिडियो कल गरेर प्रशान्त भन्ने व्याक्तिलाई देखाएको पिडितको निवेदनमा उल्लेख गरिएको छ। प्रसान्त भन्ने व्याक्ति आफुले नचिनेको पिडित अर्यालले बताए। भिडियोकलबाट प्रशान्त भन्ने व्याक्तिले हात खुट्टा भाच्नेगरी कुट्दे भनेको आफुले सुनेको निवेदनमा उल्लेख गरेका छन् । प्रहरी नायव उपरिक्षक हवारी र निरिक्षक बञ्जराले पिडितहरुले भने जस्तो कुटपिट नगरेको दावी गरेका छन् । प्रहरीले नियन्त्रणमा लिइसकेपछि हिरासत भित्र कुटपिट लगायतका यातना दिन नपाइने कानुनी मान्यता रहँदा पनि यस्ता घटना बाहिरिनुले प्रहरीले अगाडी सारेको 'प्रहरी मेरो साथी' भन्ने नारा प्रतिको विश्वासमा शंका उत्पन्न भएको स्थानीयहरु वताउँछन् । घटनाको सत्य तथ्य छानविन गरी दोसि प्रहरीलाई कारवाही गरिनुपर्ने उनीहरुको माग छ । स्याङ्जाका प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेले प्रहरीले कुटपिट गरेको बिरुद्धमा निवेदन आएको र छानविनको प्रक्रिया अगाडी बढेको बताए । यो घट्नालाई जिल्ला प्रशासन, राष्ट्रिय मानव अधिकार आयोग र स्वंय जिल्ला प्रहरी कार्यालयले कसरी लिने छ त्यो भने हेर्न बाँकी छ ।

# विन्ध्यवासिनी नवदुर्गा महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज



विन्ध्यवासिनी मन्दिरमा यस वर्ष पनि विन्ध्यवासिनी नवदुर्गा महोत्सव हुने भएको छ । विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिको आयोजनामा विजयादशमी अवसरमा घटस्थापनादेखि नवमीसम्म उक्त महोत्सव हुन लागेको हो ।

पर्व विशेषमा विभिन्न गतिविधि गर्दै आएको विन्ध्यवासिनीले २०६४ सालदेखि विन्ध्यवासिनी नवदुर्गा महोत्सवलाई निरन्तरता दिँदै आएको समिति अध्यक्ष गणेशबहादुर श्रेष्ठले बताए । उनका अनुसार नवदुर्गा अवधिभर बिहानभरि संगीतमय झाँकीसहितको श्रीमद्देवी भागवत् ज्ञानमहायज्ञ हुनेछ ।

त्यस्तै दिउँसादेखि साँझसम्म नवदुर्गाको महिमासम्बन्धी दार्शनिक व्यक्तिद्वारा प्रवचन हुनेछ । घटस्थापनाको दिन असोज २८ गते नवदुर्गा शोभायात्रा निकालिनेछ भने दिउँसोदेखि ज्ञानमहायज्ञ सुरु हुनेछ । विन्ध्यवासिनीदेखि सुरु हुने शोभायात्राले सहरका विभिन्न भाग परिक्रमा गर्नेछ। शोभायात्रामा नवदुर्गाका ९ रुपमा सिंगारिएका नवकन्यासहितको रथ, झाँकी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल स्काउट, राष्ट्रिय सेवा दल, बटुकहरु, जलकलशसहित मातृशक्ति, विभिन्न आमा समूहहरु, सामाजिक, धार्मिक, जातीय, सांस्कृतिक, बैंक वित्तीय तथा सहकारी, शैक्षिक संघसंस्था, भजन समूह, उद्योग वाणिज्य तथा वस्तुगत संघलगायत सर्वसाधारणको उपस्थिति हुनेछ ।

महोत्सवका लागि समिति अध्यक्ष गणेशबहादुर श्रेष्ठ संयोजकत्वमा मूल समारोह समिति गठन गरिएको सूचना समन्वय उपसमिति संयोजक दीपेन्द्र श्रेष्ठले बताए । विगतदेखि शक्तिस्थलका रुपमा पुँजिदै आएको हालको विन्ध्यवासिनी मन्दिर आजभन्दा झण्डै अढाइ शताब्दी पुरानो रहेको अनुमान छ । खासमा विन्ध्यवासिनी यस क्षेत्रको शैक्षिक, स्वास्थ्य, प्राशासनिक, सांस्कृतिक गतिविधिको केन्द्रका रूपमा चिनिने समितिका सचिव तीर्थ श्रेष्ठ बताउँछन् ।

यहाँ विन्ध्यवासिनी गुरुकुल विद्याश्रम पनि सञ्चालित छ । २०५१ सालमा स्थापित विद्याश्रममा कक्षा ६ देखि १० सम्म निशुल्क आवासीयरुपमा अध्यापन कार्य सञ्चालित छ । अशक्त र ज्येष्ठ नागरिकको लागि लिफ्ट सुविधा समेत छ। विन्ध्यवासिनी ज्येष्ठ नागरिक मिलन केन्द्रसमेत चलाएको समितिको एम्बुलेन्स सेवा पनि सञ्चालित छ ।

# समाजवादी मोर्चाले जिल्ला तहमा सन्देशसभा गर्दै

**पोखरापत्र संवाददाता**
कास्की, २३ असोज

समाजवादी मोर्चाले गण्डकी प्रदेशका ११ वटै जिल्लामा सन्देशसभा गर्ने भएको छ ।

मोर्चाको गण्डकी प्रदेश संयोजन समितिको सोमबार पोखरामा बसेको बैठकले मोर्चामा रहेका चार दलका दुई-दुई जनाको प्रतिनिधित्व हुने गरी असोज महिनाभित्रमा जिल्ला संयोजन समिति गठन गरी सन्देशसभा गर्ने निर्णय गरेको हो । समाजवादी मोर्चामा सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र नेपाल कम्युनिष्ट पार्टी रहेका छन् । जिल्लास्तरीय सन्देशसभाको व्यवस्थापनका लागि गोरखा, स्याङ्जा, म्याग्दी र मनाङको जिम्मेवारी माओवादी केन्द्रलाई दिइएको छ । यसैगरी कास्की, मुस्ताङ र पर्वत एकीकृत समावादी, नवलपुर र लमजुङ जनता समाजवादी पार्टी तथा बागलुङ र तनहुँ जिल्लाको सन्देशसभा व्यवस्थापनको जिम्मेवारी नेपाल कम्युनिष्ट पार्टीलाई तोकिएको मोर्चाका प्रदेश संयोजक एवं नेकपा (माओवादी केन्द्र) गण्डकी प्रदेशका अध्यक्ष गायत्री गुरुङले बताउनुभयो । उहाँका अनुसार बैठकले मोर्चाका शीर्षनेताहरूको उपस्थितिमा गत भदौ १५ गते पोखरामा आयोजना गरिएको प्रदेशस्तरीय सन्देशसभाको समीक्षालगायतका विषयमा छलफल गरिएको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै नेपाली समाजवादका मौलिक विशेषताहरूको पहिचान गरी समाजवादको नेपाली बाटो तय गर्ने प्रतिबद्धताका साथ समाजवादी मोर्चा स्थापना भएको उहाँले बताउनुभयो ।

संयोजक गुरुङले भन्नुभयो, "सङ्घीयता, लोकतान्त्रिक गणतन्त्र, सुशासन, आर्थिक समृद्धि र सामाजिक न्यायसहितको नेपाली विशेषताको समाजवाद स्थापना गर्ने मूल उद्देश्यले मोर्चा गठन गरिएको हो । मोर्चालाई प्रदेश हुँदै जिल्ला तथा स्थानीय तहसम्म विस्तार गर्छौं । सरकारले गरिरहेका कामका बारेमा जनतालाई प्रशिक्षित गर्ने र जनताबाट सुझाव लिने काम गरिरहेका छौं ।" बैठकले इजरायलको गाजा क्षेत्रमा भएको द्वन्द्वमा परी नेपाली विद्यार्थीको निधन भएकामा दुःख व्यक्त गरेको छ । साथै विद्रोहीहरूको आक्रमणमा घाइते, बेपत्ता भएका र युद्धग्रस्त क्षेत्रमा अप्ठ्यारो अवस्थामा परेका नेपालीहरूको शीघ्र उद्धार र राहतका लागि सरकारसँग मागसमेत गरेको छ । मोर्चाको गण्डकी प्रदेश समितिमा माओवादी केन्द्रबाट गण्डकी प्रदेश अध्यक्ष गायत्री गुरुङसहित ज्ञानमान गैरे र जगन्नाथ खनाल सदस्य हुनुहुन्छ । एकीकृत समाजवादीबाट केशवलाल श्रेष्ठ, श्रीनाथ बराल र प्रतापलाल श्रेष्ठ, जनता समाजवादी पार्टीबाट गोपाल गुरुङ, निर्मल जिसी र रमेश नेपाली मोर्चामा रहनुभएको छ । यसैगरी विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीबाट राजन सी, दीपा सी र काजी सी रहनुभएको छ । मोर्चा समितिको अध्यक्षता आलोपालो प्रणालीअन्तर्गत हाललाई माओवादी केन्द्रका प्रदेश अध्यक्ष गुरुङले गर्नुभएको छ ।

## घरपालुवा ...

उहाँले महानगरवासीसँग आग्रह गर्नुभयो ।

"सार्वजनिक सूचनामार्फत पनि यो विषय जानकारी गराइएको छ, अब कसैले घरमा पालेको कुकुरलाई बाहिर लगेर शौच गराएमा कारबाही भोग्नुपर्छ", उहाँले भन्नुभयो, "एकपटकका लागि रु एक हजार र पटक-पटक शौच गराएको पाइएमा रु १५ हजारसम्म जरिवाना गर्ने सकिने व्यवस्था नियमावलीमा छ ।" महानगरले घरपालुवा कुकुरलाई आफ्नै घरको परिसरभित्र शौचको व्यवस्था मिलाउन र त्यसको उचित व्यवस्थापन गर्न कुकुरधनीलाई सचेत गराएको छ ।

खुला ठाउँमा कुकुरलाई दिसा-पिसाब गराउँदा वातावरणीय सरसफाइमा प्रतिकूल असर पार्ने शाखा प्रमुख बरालले उल्लेख गर्नुभयो । उहाँले घरमा पालिरहेको कुकुरलाई सडकमा लगेर बेवारिसे अवस्थामा छोडेमासमेत कारबाही हुने बताउनुभयो ।

# इजरायल घटनाप्रति होटल संघद्वारा दुःख व्यक्त

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज

पोखरा, हालै हमासको आक्रमणमा परी इजरायलमा १० नेपालीको निधन भएको घटनाप्रति होटल संघ पोखरा नेपालले गहिरो दुःख व्यक्त गरेको छ ।

संघका अध्यक्ष लक्ष्मण सुवेदीले मंगलबार एक शोक विज्ञप्ति जारी गरी मृतकहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरेका छन् । साथै इजरायमा रहेका नेपालीको उद्धार यथाशीघ्र गर्न र घाइतेहरुको उपचारका लागि कुटनीतिक पहल गर्न समेत संघले सरकारसँग आग्रह गरेको छ । मृतकहरुको शव नेपाल ल्याउने व्यवस्थाका लागि आबश्यक कदम चाल्न समेत संघले सरकारको ध्यानाकर्षण गराएको छ । नेपाल र इजरायको दौंत्य सम्बन्ध कायम भएको छ दशक भन्दा लामो समय भएको छ । अतः इजरायमा रहेका नेपालीको सुरक्षाका लागि गंभीर बन्न इजरायल सरकारलाई आग्रह गर्दै संघले व्यक्तिगत तवरमा इजरायको भ्रमण नगर्न नेपालीजनमा आग्रह पनि गरेको छ ।

# परराष्ट्रमन्त्री साउद र इजरायलका विदेशमन्त्रीबीच टेलिफोन वार्ता

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज

परराष्ट्रमन्त्री एनपी साउदले इजरायलका विदेशमन्त्री एली कोहेनसँग मंगलबार टेलिफोन वार्ता गर्नुभएको छ ।

त्यस क्रममा उहाँले आतङ्कवादी समूह हमासको आक्रमणमा १० जना नेपालीका साथै इजरायली एवं अन्य देशका निर्दोष नागरिक मारिएकामा गहिरो दुःख व्यक्त गर्नुभयो । परराष्ट्र मन्त्रालयका अनुसार मन्त्री साउदले नेपाल सरकार र जनताका तर्फबाट आफ्ना इजरायली समकक्षीप्रति सहानुभूति एवं ऐक्यबद्धता प्रकट गर्दै आतङ्कवादका हरेक रुप र प्रकटीकरणका विरुद्ध नेपाल दृढताका साथ उभिएको बताउनुभयो । साथै उहाँले उक्त आक्रमणको निन्दा गर्नुभयो ।


परराष्ट्रमन्त्री साउदले ज्यान गुमाएका नेपालीको शव नेपाल पठाउन आवश्यक समन्वय र सहजीकरण गर्न आग्रह गर्नाका साथै घाइते भएका चार जनाको उपचार तथा सम्पर्कविहीन भएका एक नेपालीको अवस्था पत्ता लगाइदिन विदेशमन्त्री कोहेनसमक्ष विशेष अनुरोध गर्नुभयो । इजरायली सेनाले सुरक्षित स्थानमा स्थनानान्तरण गरेका नेपालीलाई आवास, भोजन एवं सुरक्षाको प्रबन्ध गर्न पनि उहाँले कोहेनसँग आग्रह गर्नुभयो । आफ्नो मन्त्रालयले तेलअबिबस्थित नेपाली राजदूतावाससँगका समन्वयमा इजरायलमा रहेका नेपालीको विवरण सङ्कलन गरिरहेको तथा घर फर्कन चाहनेहरूको पूर्ण विवरण तयार भएपछि सहजीकरणका लागि पुनः इजरायल सरकारसँग आग्रह गर्ने जानकारी मन्त्री साउदले आफ्ना समकक्षी कोहेनलाई दिनुभएको थियो ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोंपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# नेताका प्रतिष्ठानमा अनियमितता

झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत सञ्चालित सर्प पालनमा कार्यक्रममा आर्थिक अनियमितता गरेको आरोपमा मधेश प्रदेशका तत्कालीन मन्त्रीसहित ७ जनाविरुद्ध झण्डै १८ करोडको भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेशका तत्कालीन आर्थिक मामिला तथा योजना मन्त्री विजय कुमार यादवसहित ७ जनाविरुद्ध १७ करोड ९८ लाख ३३ हजार बिगो कायम गरी आइतवार विशेष अदालतमा मुद्दा दायर गरेको छ । तत्कालीन आर्थिक मामिला मन्त्री यादवका अलवा तत्कालीन सचिव प्रेमकुमार श्रेष्ठ, झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालक समितिका तत्कालीन अध्यक्ष रेवतीप्रसाद पन्त, महासचिव नवराज भण्डारी, कोषाध्यक्ष निरज भण्डारी र सदस्य देवेन्द्र राय विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएकी छ । त्यसैगरी लालबन्दी नगरपालिकाका तत्कालीन नगर प्रमुख मानबहादुर खड्काविरुद्ध पनि मुद्दा दायर गरिएको छ ।

तत्कालीन मन्त्री यादव, झलनाथ खनाल प्रतिष्ठानका तत्कालीन पदाधिकारीहरू र तत्कालीन नगरप्रमुख खड्काविरुद्ध १७ करोड ९८ लाख ३३ हजार तथा तत्कालीन सचिव श्रेष्ठविरुद्ध ३ करोड २७ लाख रुपैयाँ बिगो कायम गरिएको छ । अख्तियारले लालबन्दी नगरपालिका वडा नम्बर १ स्थित प्रतिष्ठानको नाममा रहेको ८ विघा ९ कठ्ठा ६ धुर जग्गा, सोही संस्थाको नाममा रहेका चारपाङ्ग्रे सवारी साधनसमेत जफत हुन माग दाबी लिएको छ । आर्थिक वर्ष २०७६/०७७ मा तत्कालीन २ नम्बर प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सर्पको विष संकलन, प्रशोधन र उत्पादन केन्द्र स्थापनाका निमित्त भौतिक संरचना निर्माणका लागि अनियमितता भएको आयोगको दाबी छ । प्रचलित कानून अनुसार लेखा उत्तरदायी अधिकृतले कार्यान्वयन गर्ने गरी अख्तियारी समेत प्रदान भइसकेको अवस्थामा विजय कुमार यादव र मान बहादुर खड्काले आफूलाई नभएको अधिकार समेत प्रयोग गरी प्रचलित कानूनविपरीत लागत साझेदारी शून्य रहेको झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल नामको गैरसरकारी संस्था/कम्पनीलाई सरकारी रकम उपलब्ध गराई अनियमितता गरेको अभियोग पत्रमा उल्लेख छ ।

सोही संस्थाबाटै कार्यक्रम कार्यान्वयन र खर्चको लेखाङ्कन गर्ने गरी उक्त गैरसरकारी संस्था/कम्पनीका अध्यक्ष रेवती प्रसाद पन्तसँग त्रिपक्षीय समझदारी (पत्रमा हस्ताक्षर गरेको र सोही समझदारी) पत्रका आधारमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट लालबन्दी नगरपालिकालाई र सो नगरपालिकाबाट उक्त गैरसरकारी संस्था/कम्पनीलाई बदनियतपूर्वक अनियमितता गरिएको आरोप लगाइएको छ । निकासा गरिएको सम्पूर्ण रकम खर्च भइसक्दा समेत योजनाको उद्देश्य प्राप्तितर्फ शून्य प्रगति भई अन्य स्वीकृत नभएका विषयमा समेत सरकारी रकम खर्च गरी गराई अनियमितता गरिएको अभियोग पत्रमा उल्लेख छ । नेताको नाममा खोलिएका प्रतिष्ठान कमई खाने भाँडो बनाइएको छ। पहुँचका भरमा जनताको पसिनाबाट तिरेको करको दुरुपयोग हो।सरकारले करको कसरी दुरुपयोग गर्छ भन्ने ज्वलन्त उदाहरण झलनाथखनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान हो।नाम राम्रो भएर हुँदैन काम राम्रो हुनुपर्छ।झलनाथको नाममा खुलेको प्रतिष्ठानमा अनियमितता हुनु र सरकारी पैसा सजिलै पचाउन सकिँदैन भन्ने सन्देश हो ।

# मणिपाल शिक्षण अस्पताल र माछापुच्छ्रे बैंकबीच सम्झौता

पोखरापत्र संवाददाता
आसोज, २३ असोज

पोखराको मणिपाल शिक्षण अस्पताल पोखरा र माछापुच्छ्रे बैक लिमिटेडबीच सम्झौता भएको छ।

कर्पोरेट स्वास्थ्य परीक्षण सुविधा योजना अन्तर्गत दुई संस्थाबीच सम्झौता भएको हो । अस्पतालले ल्याएको नयाँ स्वास्थ्य प्याकेज 'व्यावसायीक प्रतिष्ठान तथा संघ, संस्था स्वास्थ परिक्षण योजना'मा अस्पताल र बैंकबीच सहमति भएको हो ।

मणिपाल शिक्षण अस्पताल पोखराका अस्पताल प्रमुख अनिल ओड्विल र माछापुच्छ्रे बैक बैक



लिमिटेडका गण्डकी प्रदेश प्रमुख निलम गौतमले सहमती पत्रमा हस्ताक्षर गरेका छन् । हरेक क्षेत्र र वर्गका ग्राहकहरूलाई सरल र सहज बैंकिङ्ग सेवा पुर्याउने उद्देश्यका साथ बैंकले देशका ७ वटै प्रदेशमा १६५ वटा शाखा, १२ वटा एक्सटेन्सन काउन्टर, १३० शाखारहित बैंकिङ्ग सेवा, २०२ वटा एटिएम मार्फत १५ लाख भन्दा बढी ग्राहक महानुभावहरुलाई सेवा प्रदान गर्दै आईरहेको छ ।

# मुस्ताङमा कोरला नाका सञ्चालनको तयारी

पोखरापत्र संवाददाता
कास्की, २३ असोज

मुस्ताङमा रहेको नेपाल-चीनबीचको कोरला नाका सञ्चालनका लागि तयारी गरिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)को भ्रमणका क्रममा चीनले कोरलालगायत नेपालका १४ वटा व्यापारिक नाका खुलाउन तयार रहेको जनाएको थियो ।

कोरला नाका सञ्चालनको तयारी भएसँगै सीमा क्षेत्रका बासिन्दालाई प्रवेशपत्र वितरण गर्ने प्रक्रिया अघि बढाइएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले जानकारी दिनुभयो । "अनुमतिपत्र बुकलेट छपाइसम्बन्धी सबै काम पूरा भएको छ," उहाँले भन्नुभयो, "गृह मन्त्रालयले पठाएको नमूनाअनुसार चीन प्रवेशपास छपाइ गरेर वितरणका लागि तयारी गरेका छौँ ।" चीनको सिमाना नजिकको उपल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका बासिन्दाबाट प्रवेश पासको आवेदन सङ्कलन गरिएको छ । बोर्डर पास वितरणका लागि चार कर्मचारीलाई सोमबार लोमान्थाङस्थित इलाका प्रशासन कार्यालय पठाइएको प्रजिअ पन्तले बताउनुभयो । "नाका खोल्ने निर्णय भए पनि मिति तय भइसकेको छैन," उहाँले भन्नुभयो, "चिनियाँ सुरक्षा अधिकारीसँग बैठक र गृह मन्त्रालयसँग समन्वय गरेर जति सक्दो छिटो नाका सञ्चालन गर्ने तयारीमा छौँ ।" कोरोना महामारी सुरु भएपछि कोरला नाकामा हरेक वर्षको दुईपटक सञ्चालन हुँदै आएको अन्तरदेशीय व्यापार मेला विसं २०७६ देखि भएको थिएन् । दशैंअघि नै व्यापार मेला आयोजना गर्ने मुस्ताङका सुरक्षा अधिकारी र जनप्रतिनिधिहरूले पहल गरेका छन् । प्रवेशपास भएका नागरिकहरू जुनसुकै समयमा पनि चीन जाने आउने सुविधा पाउनेछन् । असोज ३ गते चिनियाँ दूतावासले पठाएको कूटनीतिक नोट गृह मन्त्रालयले मुस्ताङ प्रशासनलाई पठाएर नाका खोल्ने तयारी गर्न भनेको छ । प्रजिअ पन्तले १५ अक्टोबरमा नेपाल र चीनका अधिकारीबीच बैठक बस्ने तयारी भएको बताउनुभयो । सन् १९६० को दशकमा चीनमा तिब्बत गाभिएपछि तिब्बतका खम्पाहरू नेपाली भूमि प्रयोग गरेर विद्रोहमा उत्रिएका थिए। सोही विद्रोहका कारण विसं २०३२ देखि कोरला नाका आवत-जावतमा कडाइ गरिएको थियो । विसं २०५८ सालसम्म रोकतोक नरहेको सीमा २०५९ देखि चीनले तारबार गरेर मेला बाहेकको अवधिमा बन्द गर्दै आएको छ ।

नाका सञ्चालन भएपछि मुस्ताङका बासिन्दाले दैनिक उपभोग्य, निर्माण सामग्री, लत्ताकपडालगायत सामग्री सस्तोमा आयात गर्न पाउने अपेक्षा गरेका छन् । यसै गरी, पस्मिना, जडीबुटी निकासी गर्न पनि सकिने लोमान्थाङ गाउँपालिकाका उपाध्यक्ष छ्युमी बिष्टले बताउनुभयो ।

# तल्लो सेती जलविद्युत्‌मा एडिबी र जाइकाको चासो

पोखरापत्र संवाददाता
तनहुँ, २३ असोज

तनहुँमा निर्माण हुने तल्लो सेती जलविद्युत् आयोजनामा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) र एसियाली विकास बैङ्क (एडिबी) ले चासो देखाएका छन् । हाल एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना निर्माण गरिरहेको तनहुँ हाइड्रोले निर्माण गर्न लागेको उक्त आयोजनामा लगानी गर्न दुवै सहयोगी संस्था सकारात्मक देखिएका हुन् ।

एक सय २६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत् निर्माणका लागि हाल वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) को काम भइरहेको तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले जानकारी दिनुभयो । श्रेष्ठका अनुसार दुई वर्षभित्र तल्लो सेती जलविद्युत् आयोजना निर्माणको चरणमा जानेछ । उक्त आयोजनाको लागत रु २५ अर्ब अनुमान गरिएको छ ।

तनहुँ जलविद्युत् आयोजनाको एक सय ४० मिटर अग्लो कङ्क्रिट बाँधबाट प्राप्त हुने सेती नदीको रेगुलेटेड प्रवाह तथा मादी नदीको थप प्रवाहसमेत प्रयोग गर्न तल्लो तटीय क्षेत्रमा तल्लो सेती जलविद्युत् आयोजना निर्माण गर्न लागिएको श्रेष्ठको भनाइ छ । आयोजना प्रमुख श्यामजी भण्डारीका अनुसार विसं २०८१ मा बोलपत्र आह्वानको तयारी गरिएको छ । तल्लो सेती जलविद्युत् आयोजना निर्माणका लागि विस्तृत अध्ययन सकिएको छ । आयोजनाले विज्ञ समूह नियुक्त गरी काम अगाडि बढाएको थियो । परामर्शदाताले पेस गरेको विस्तृत डिजाइन प्रतिवेदन पुनरावलोकनका लागि नियुक्त तीन सदस्यीय अन्तर्राष्ट्रिय विज्ञ समूहले विसं २०७८ असार २३ गते डिजाइन पुनरावलोकन प्रतिवेदन बुझाइसकेको छ । विज्ञ समूहले पेस गरेको आयोजनाको डिजाइनबमोजिम थप केही काम गर्ने तयारी गरिएको छ ।

"विज्ञ समूहले सुझाव दिएअनुसार केही काम अगाडि बढाउन खोजिएको छ, वातावरणीय प्रारम्भिक मूल्याङ्कनको काम पनि सकिएको छ," भण्डारीले भन्नुभयो । आगामी आर्थिक वर्षमा उक्त क्षेत्रमा केही पूर्वाधार निर्माण सुरु हुनेछ । भवन बनाउने, बाटो बनाउने, पुल बनाउने काम आगामी आर्थिक वर्षमा नै सुरु गर्ने तयारी गरिएको भण्डारीले बताउनुभयो ।

कम्पनीले आयोजनाको विद्युत् उत्पादनको सर्वेक्षण अनुमति प्राप्त गरिसकेको छ । साथै दातृ निकाय एडिबीबाट प्राप्त करिब तीन दशमलव पाँच मिलियन अमेरिकी डलर अनुदान सहयोगबाट आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइन तथा बोलपत्रसम्बन्धी कागजातहरू तयार गर्ने परामर्श सेवा खरिदका लागि वाप्कोस भारत/निप्पन कोई जापान जेभीसँग विसं २०७५ चैत २९ गते खरिद सम्झौता भएको थियो ।

आयोजनाअन्तर्गत बन्दीपुर गाउँपालिका-६ र देवघाट गाउँपालिका-३ साराङघाट नजिकै रहेको सेती नदीमा ३२ मिटर अग्लो बाँध निर्माण गरिनेछ । पानीको प्रवाहलाई देवघाट गाउँपालिका-३ र ४ हुँदै छ दशमलव आठ किलोमिटर लामो सुरुङमार्फत सेती नदीको सङ्गमदेखि करिब पाँच सय मिटर तल्लो तटीय क्षेत्रमा पर्ने देवघाटस्थित कालीगण्डकी नदीको दायाँ किनारमा बन्ने अर्ध भूमिगत विद्युत्‌गृहमा खसाली विद्युत् उत्पादन गर्ने योजना बनाइएको छ ।

आयोजनाबाट बन्दीपुर गाउँपालिका-६,व्यासनगरपालिका-१३ र १४, देवघाट गाउँपालिका-२, ३ र ४, ऋषिङ गाउँपालिका-१ र ३, आँबुखैरेनी गाउँपालिका-५ र ६, भरतपुर महानगरपालिका-२ ९ का केही भाग प्रभावित हुनेछ । देवघाट गाउँपालिका-४ गाईघाटमा अर्धभूमिगत विद्युत्‌गृहको निर्माण गरी विद्युत् उत्पादन गरिने छ । उत्पादित विद्युत्‌लाई तनहुँ जलविद्युत् आयोजनाले निर्माण गरेको दुई सय २० केभी दमौली-नयाँ भरतपुर प्रसारण लाइनमा जोडी राष्ट्रिय विद्युत् प्रणालीमा समाहित गरिने छ । यसका लागि करिब दुई किलोमिटर प्रसारण लाइनको निर्माण गर्नुपर्छ । अर्धजलाशययुक्त तल्लो सेती आयोजनाको करिब १२ किलोमिटर लामो जलाशय माथिल्लो तटीय क्षेत्र अर्थात् बाँधस्थलबाट सुँडेगाउँसम्म विस्तार हुनेछ । आयोजनाबाट वार्षिक रूपमा ५२ करोड युनिट विद्युत् उत्पादन हुने छ । आयोजनाको अनुमानित लागि रु २५ अर्ब रहेको छ।

# तनहुँको थर्पुमा नि:शुल्क भिडियो एक्सरे सेवा

पोखरापत्र संवाददाता
दमौली, २३ असोज

तनहुँको म्याग्दे गाउँपालिका-४ स्थित थर्पु स्वास्थ्य चौकीमा नि:शुल्क भिडियो एक्सरे सेवा सुरु भएको छ । गाउँपालिकाको सहयोगमा आजदेखि स्वास्थ्य चौकीमा नि:शुल्क भिडियो एक्सरे सेवा सुरु भएको हो ।

अब भिडियो एक्सरे सेवाका लागि म्याग्देगाउँ आसपासका भेगका महिला दमौली वा पोखरा जानुपर्ने बाध्यताबाट मुक्त भएका छन् । भिडियो एक्सरे सेवा थालिएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले भन्नुभयो, "स्वास्थ्य सेवा विस्तार गर्ने योजनाअनुरुप भिडियो एक्सरे सेवा शुभारम्भ गरेका हौँ । गाउँपालिकाले जनताको स्वास्थ्यलाई उच्च प्राथमिकता दिएको छ ।" गाउँपालिकाले आजै स्वास्थ्य चौकीलाई भिडियो एक्सरे मेसिन हस्तान्तरण गरेको हो । पहिलो दिन आज दश जना गर्भवतीलाई सेवा प्रदान गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख तिलक घिमिरेले जानकारी दिनुभयो ।

गर्भवतीले अब भिडियो एक्सरे सेवा लिन महँगो रकम खर्चिएर अन्यत्र जानुपर्ने बाध्यता हटेको उहाँले बताउनुभयो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : मन चञ्चल |
| वृष | : व्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## एउटै व्यक्ति भएको सूचना



बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. ११ साविक रिघा गा.वि.स. वडा नं. ४ निवासी भारतीय भू.पू.सै.नं. ४३४७२२१P टि.एस. १५८००३, पि.पि.ओ.नं. S/O ५८१६६/९७ हनेरी नायव सुबेदार लाल बहादुर थापाको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर लाल बहादुर वि.क. थापा भन्ने लाल बहादुर थापा, जन्ममिति वि.सं. २०१०।०१।०४ र भारतीय पेन्सन डकुमेन्टमा नामथर लाल बहादुर थापा, जन्ममिति इ.सं. १९५४।०५।०४ भएको साथै निजको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर नन्दकली वि.क. थापा, जन्ममिति वि.सं. २००७।०९।१६ भएको र पतिको भारतीय पेन्सन डकुमेन्टमा नामथर नानाकली थापा, जन्ममिति इ.सं. १९५१।०५।०४ भई नामथर र जन्ममिति फरक फरक भएता पनि व्यक्ति एउटै भएको भनी गलकोट नगरपालिका ११ नं. वडा कार्यालय, बागलुङको च.नं. २०९ मिति २०८०।०६।०५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ जानकारीका लागि अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. ११ साविक रिघा गा.वि.स. वडा नं. ०८ निवासी भारतीय भू.पू.से.नं. ५४४५४४० का टि.एस. नायक चन्द्र लाल थापा पल्टन १/५ गोर्खा राइफलको पारिवारिक विवरण सिफारिस गरीपाऊँ भनी यस कार्यालयमा निवेदन दिनुभएको मा गलकोट नगरपालिका ११ नं. वडा कार्यालयको चलानी नं. ३५८, मिति २०८०/०६/१९ को सिफारिसपत्रबाट निजको पारिवारिक विवरण तपसिल बमोजिम रहेको भनी प्रमाणित गरी पठाएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

| नेपाली ना.प्र.नं. को नामथर | पेन्सन अभिलेखको नामथर | नाता | नेपाली ना.प्र.नं. को जन्म मिति | पेन्सन अभिलेखको जन्म मिति |
|---|---|---|---|---|
| चन्द्र लाल सिंजाली | चन्द्रलाल थापा | पेन्सनर | २००७/०२/१० | २०१२/०६/०१ |
| नर माया सिंजाली | नरमाया मगर्नी | श्रीमती | २०१६/०५/१२ | - |

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा न. ११ साविक रिघा गा.वि.स. वडा नं. ०२ निवासी भारतीय भू.पू.से.नं. ५४४५५५६४ Y का हनेरी नायव सुवेदार डम्बर बहादुर पल्टन ३/५ गोर्खा राइफलको पारिवारिक विवरण सिफारिस गरीपाऊँ भनी यस कार्यालयमा निवेदन दिनुभएको मा गलकोट नगरपालिका ११ नं. वडा कार्यालयको चलानी नं. ३१८, मिति २०८०/०६/१६ को सिफारिस पत्रबाट निजको पारिवारिक विवरण तपसिल बमोजिम रहेको भनी प्रमाणित गरी पठाएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

| नेपाली ना.प्र.नं. को नामथर | पेन्सन अभिलेखको नामथर | नाता | नेपाली ना.प्र.नं. को जन्म मिति | पेन्सन अभिलेखको जन्म मिति |
|---|---|---|---|---|
| चित्र बहादुर पुन | डम्बर बहादुर | पेन्सनर | २०१३/०१/२६ | २०१२/०५/१६ |
| शशि कला पुन | सरस्वती देवी | श्रीमती | २०१७/०४/१५ | २०१७/११/१२ |

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

# पढ्दै सिक्दै कार्यक्रम: 'मुढा बुन्ने सीप सिक्दै विद्यार्थी'

पोखरापत्र संवाददाता
म्याग्दी, २३ असोज

म्याग्दीको बेनी नगरपालिका-४ सिङ्गाको धवलागिरि माध्यमिक विद्यालयकी छात्रा कृति सुवेदी फुर्सदको समयमा मुढा बुन्न थाल्नुभएको छ। विद्यालयमा पढाइ नहुने खाली समयमा उहाँले बाँसको सिन्का र डोरीबाट घरमा बस्नका लागि उपयोगी हुने मुढा बुन्न लाग्नुभएको हो । सुवेदीमात्रै होइन, यस विद्यालयको कक्षा १० का २५ विद्यार्थी अहिले पाठ्यपुस्तक बाहिरको सिकाइका सिलसिलामा मुढा बुन्ने सीप सिक्न थालेका छन् ।

विद्यालय र स्थानीय शुभकामना कृषि सहकारी संस्थाको साझेदारीमा विद्यालयले कक्षा १० का विद्यार्थीलाई पढ्दै सिक्दै कार्यक्रम सञ्चालन गरेको विद्यालयका शिक्षक खोमराज पौडेलले जानकारी दिनुभयो। शुक्रबार र अन्य दिनमा दिउँसो खाजा खाने समय र विषयगत पठनपाठन नहुने समयमा विद्यार्थीलाई मुढा बुनाइको तालिम दिने गरिएको उहाँले बताउनुभयो। असोज १९ गतेबाट सुरु भएको विद्यार्थीको मुढा बुनाइ तालिम करिब दुई सातासम्म सञ्चालन हुनेछ । स्थानीयस्तरमा पाइने बाँसको सिन्कासमेत विद्यार्थी आफैँले तयार गरेका हुन् । विद्यालयले मुढामा प्रयोग गरिने रसीको बन्दोबस्त गरेपछि मुढा बुन्दै आउनुभएका स्थानीय नेत्रलाल गोतामेलाई प्रशिक्षक र विद्यालयकै शिक्षक गोविन्द पौडेललाई सहप्रशिक्षक तोकेर मुढा बुन्ने तालिम सञ्चालन भइरहेको छ । कक्षाकोठामा किताबको मात्रै पढाइ हुँदा विद्यार्थी शिक्षित बने पनि सीपविहीन बन्ने गरेकाले उनीहरूलाई हामी पनि गर्न सक्छौँ भन्ने भावना र उपयोगी सीपको विकास गराउने उद्देश्यले मुढा बुनाइ तालिम सञ्चालन भएको तालिमका सहप्रशिक्षकसमेत रहनुभएका शिक्षक गोविन्द पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार विद्यार्थीहरू मुढाका लागि आवश्यक पर्ने सिन्का तयार गर्न र सिन्कालाई फ्रेममा राखेर रसीको डोरीले मुढा बुन्न सक्ने भइसकेका छन् । एउटा मुढा बुन्न १४ देखि १८ इन्चका ९० देखि एक सय १० वटासम्म सिन्का प्रयोग हुने गरेको विद्यार्थी बताउँछन् । विद्यालयमा सिकेको सीपलाई घरायसी प्रयोगमा समेत उपयोग गर्ने उनीहरूको तयारी छ। मुढा बुन्ने तालिमबाट सीप सिकेका विद्यार्थीबाट फुर्सदको समयमा नियमित मुढा बुन्ने र त्यसलाई विद्यालयमार्फत बिक्री गरेर विद्यालयको बाल क्लबका लागि आम्दानी गर्ने लक्ष्यसमेत बनाएको बाल क्लबका अध्यक्ष कृति सुवेदीले बताउनुभयो। विद्यालयले यसअघि गत वर्ष कक्षा ९ का विद्यार्थीलाई च्याउखेतीसम्बन्धी तालिम प्रदान गरेको थियो। उक्त तालिम फलदायी बनेपछि कक्षा १० का विद्यार्थीलाई समेत सीपमूलक कार्यक्रमअन्तर्गत मुढा बुनाइ तालिम सञ्चालन गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका बेनी नगरपालिका-४ का वडाध्यक्ष अणबहादुर खड्काले जानकारी दिनुभयो।

यो वर्षसमेत नगरपालिकाबाट रु एक लाख बजेट विनियोजन भएको र सो बजेटबाट विद्यालयमा कम्प्युटर मर्मत तालिम सञ्चालन गर्ने तयारी गरिएको उहाँले बताउनुभयो । "विद्यार्थी फुर्सदको समयमा मोबाइलमात्रै चलाएर बस्ने र सीपविहीन बन्ने जोखिम बढ्दो छ, घरायसी सीप र संस्कारका कुरा पनि उनीहरूलाई सिकाउन जरुरी भइसकेको छ, हामीले पढ्दै सिक्दै कार्यक्रमलाई अभियानकै रूपमा नियमित सञ्चालन गर्ने योजना बनाएका छौँ", वडाध्यक्ष खड्काले भन्नुभयो। विद्यार्थीलाई स्थानीयस्तरमा उत्पादन हुने कृषि उपजबाट खानाका परिकार बनाउने तालिम दिने तयारी गरेको विद्यालयले आगामी हिउँदयाममा छात्रा विद्यार्थीलाई लक्षित गरेर परालबाट गुन्द्री बुनाइ तालिम दिने योजना बनाएको छ। कक्षा १० सम्म पठनपाठन हुने यस विद्यालयमा एक सय ९४ विद्यार्थी अध्ययनरत छन् भने विद्यालयमा रहेको बहिरा स्रोत कक्षामा १४ जनाले अध्ययन गरिरहेका छन्।

# विश्वकप क्रिकेट : इङ्ल्यान्डद्वारा बङ्गलादेश १३७ रनले पराजित

पोखरापत्र संवाददाता
पोखरा, २३ असोज

भारतमा जारी आइसिसी एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिता, २०२३ अन्तर्गत मंगलबार सम्पन्न खेलमा इङ्ल्यान्डले बङ्गलादेशलाई पराजित गरेको छ। इङ्ल्यान्डले बङ्गलादेशलाई एक सय ३७ रनले हराएको हो।

भारतको हिमाञ्चल राज्यको धर्मशालास्थित हिमाञ्चल प्रदेश क्रिकेट एसोसिएसनको रङ्गशालामा टस हारेर पहिला ब्याटिङ गरेको इङ्ल्यान्डले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै तीन सय ६४ रन बनायो। तीन सय ६५ रनको विजय लक्ष्य पछाएको बङ्गलादेशको पारी ४८ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै दुई सय २७ रनमा समेटियो । बङ्गलादेशका लागि लिट्टन दासले सर्वाधिक ७६ रनको योगदान दिए। उनले ६६ बलमा दुई छक्का र सात चौका प्रहार गरे। यस्तै मुस्फिकुर रहिमले अर्धसतकीय पारी खेले । उनले ६४ बल खेल्दै चार चौकाको मद्दतमा ५१ रन बनाए । तोहिद हृदोयले ३९ रन बटुले। बलिङतर्फ इङ्ल्यान्डका रिस टप्लेले चार, क्रिस वोक्सले दुई तथा मार्क उड, आदिल रसिद, लियाम लिभिङस्टोन र साम करनले एक एक विकेट लिए।

त्यसअघि पहिला ब्याटिङ गर्ने क्रममा इङ्ल्यान्डका डेविड मलानले सर्वाधिक १४० रनको योगदान दिए। उनले १०७ बल खेल्ने क्रममा १६ छक्का र पाँच चौका हाने । यस्तै जोए रुटले उत्कृष्ट ब्याटिङ गर्दै ८२ रन जोडे। उनले ६८ बलको सामना गर्दै एक छक्का र आठ चौका प्रहार गरे। जोनी ब्रेस्टोले ५२ रन बनाए। उनले ५९ बल खेल्दै आठ चौका हाने । कप्तान जस बट्लरले २० रन बनाए। बलिङतर्फ बङ्गलादेशका लागि मेहदी हसनले चार, सोरिफुल इस्लामले तीन तथा कप्तान सकिब अल हसन र तास्किन अहमदले एक एक विकेट लिए। जारी विश्वकपमा इङ्ल्यान्डको यो पहिलो जित हो। यसअघि आफ्नो पहिलो खेलमा इङ्ल्यान्ड न्युजिल्यान्डसँग नौ विकेटले पराजित भएको थियो । बङ्गलादेशको पनि यो पहिलो हार हो । यसअघि बङ्गलादेशले पहिलो खेलमा अफगानिस्तानलाई ६ विकेटले पराजित गरेको थियो।

# प्रथम खुल्ला सीन ए साइडको उपाधि लामागाउँलाई

पोखरापत्र संवाददाता
पोखरा, २३ असोज




प्रथम खुल्ला सेभेन साइड फुटबल प्रतियोगिताको उपाधी लामागाउँले उचालेको छ।

एट टु नाइन गाइजको आयोजनामा भएको प्रतियोगिताको अत्यन्तै प्रतिस्पर्धात्मक फाइनल खेलमा रामघाटलाई सडनडेथमा ३-२ गोलले हराउँदै उपाधी चुमेको हो । लामागाउँले उपाधीसंगै एक लाख रुपैयाँ हात पार्यो । निर्धारित समयको खेल एक/एक गोलको बराबरीमा रोकिएपछी खेल टाइब्रेकरमा धकेलिएको थियो । टाइब्रेकरमा समेत २/२ गोलको बराबरी भए पछि खेलको टुंगो सडनडेथबाट लागेको हो। उपविजेता रामघाटले ६० हजार रुपैयाँ प्राप्त गर्‍यो । लामागाउँका अनुज भण्डारी उच्च गोलकर्ता घोषित भए। उनले कुल चार गोल गरे । लामागाउँकै अञ्जन क्षेत्री उत्कृष्ट गोलरक्षक घोषित भए । उनी फाइनलको म्यानअफदी म्याच समेत घोषित भए । रामघाटका विशन गुरुङ सर्वोत्कृष्ट खेलाडी घोषित भए। फेयर प्ले माछापुच्छे त्रिशक्ति युनाइटेड घोषित भयो । यस अघि सेमिफाइनल खेलमा लामागाउँले बि-१३ र रामघाटले गन्नी एफसीलाई हराउँदै फाइनल प्रवेश गरेको थियो । प्रतियोगितामा कुल ३९ टिमको सहभागिता रहेको थियो। रग्बी खेलाडी यशोदा बोहोरालाई सहयोगार्थ प्रतियोगिता आयोजना गरिएको हो। प्रतियोगितामा सेभेन ए साइड महासंघ अध्यक्ष नवीन पुन, गण्डकी प्रदेश खेलकुद परिषद सदस्य विनय थापा, टेकबहादुर गुरुङ लगायतले पुरस्कार प्रदान गरेका थिए।

# भेडाच्याङ्ग्रा बेच्न जुम्लाबाट हिँडेर १७ दिनमा बेनी

पोखरापत्र संवाददाता
म्याग्दी, २३ असोज

कर्णाली प्रदेशको जुम्लाका कृषक भेडाच्याङ्ग्रा बिक्री गर्न १७ दिन हिँडेर गण्डकी प्रदेशको म्याग्दी आएका छन्।

जुम्लाको पातारासी गाउँपालिका-३ का तीर्थराज बोहराको टोली दुई सय ७० भेडाच्याङ्ग्रा हिँडाएर १७औँ दिनमा आज म्याग्दीको सदरमुकाम बेनी आइपुगेको हो। "हामीले गाउँमा पालेकाबाहेक बझाङ र बाजुराबाट खरिद गरेर ल्याएका भेडाच्याङ्ग्राको बजार खोज्दै बेनी आइपुगेका हौँ", उहँले भन्नुभयो, "यहाँ ल्याइपुर्‍याउँदा एउटा रोज्जा च्याङ्ग्राको मूल्य रु ५० देखि ५५ हजार परेको छ।" उनीहरु जुम्लादेखि डोल्पा, रुकुमपश्चिम, ढोरपाटन हुँदै म्याग्दीको धवलागिरि गाउँपालिकाबाट परम्परागत व्यापारिक मार्गको प्रयोग गरेर च्याङ्ग्रा बेच्न बेनी आएका हुन्। मुस्ताङी भेडाच्याङ्ग्राले बजार लिन थालेपछि करिब १५ वर्षयता म्याग्दीमा डोल्पा र जुम्लाबाट भेडाच्याङ्ग्रा ल्याइएका थिएनन्।

स्थानीयका अनुसार करिब १५ वर्षपछि जुम्लाका कृषक (तराल) भेडाच्याङ्ग्रा बिक्रीका लागि म्याग्दी आएका हुन् । भेडाच्याङ्ग्रा बिक्री गर्न आउने व्यापारी र कृषकलाई म्याग्दीमा तराल भन्ने चलन छ । तीर्थराजसहित चार जना मिलेर भेडाच्याङ्ग्रा बिक्री गर्न आउनुभएको हो । हालसम्म करिब १५ मात्र भेडाच्याङ्ग्रा बिक्री भएको श्यामराज बोहराले बताउनुभयो । "सबैले महँगो भयो भन्छन्", उहाँले भन्नुभयो, "पोखरासम्म पुर्‍याउँदा बिक्री हुन्छन् कि भन्ने आशा छ।" दसैँ पर्वलाई लक्षित गरेर यसपाली म्याग्दीमा मुस्ताङभन्दा पहिले जुम्लाबाट च्याङ्ग्रा आइपुगेका हुन् । म्याग्दी, कास्की, पर्वत, बागलुङ, काठमाडौँलगायत जिल्लाबाट च्याङ्ग्रा खरिद गर्नका लागि व्यापारीहरु मुस्ताङको सदरमुकाम जोमसोम पुगेका छन्। मुस्ताङका कृषकका गोठबाट सङ्कलन गरेर जोमसोम ल्याइएका च्याङ्ग्रा व्यापारीले खरिद गरेर निकासी गर्दछन् । च्याङ्ग्राको हुल भित्रिएसँगै दसै आगमनको महसुस गराउँछ। उच्च हिमाली भेगमा पालन गरिएका भेडाच्याङ्ग्राले विषेश गरी लेकाल जडीबुटी खाने भएकाले दसैँ तिहारजस्ता पर्वमा पोषिलो मासुका रुपमा मुस्ताङका भेडाच्याङ्ग्राको माग बढी हुने गर्दछ।

स्वादिलो र पोषिलो हुने भएकाले दसैँमा हिमाली भेडाच्याङ्ग्राको मासु उपभोग गर्ने चलन रहेको बेनीका देवेन्द्र घिमिरेले बताउनुभयो। तीन वर्षअघि प्रतिवटा रु २५ हजारमा पाइने च्याङ्ग्राको मूल्य अहिले दोब्बरले बढेकाले सामान्य वर्गका उपभोक्ताले स्थानीय खसीबोका प्रयोग गर्न थालेका छन्।

# नेपालगञ्जमा कर्फ्यू हटाइयो

रासस
काठमाडौं, २३ असोज

नेपालगञ्जमा एक सातादेखि जारी कर्फ्यू हटाइएको छ । जनजीवन सामान्य हुँदै गएपछि कर्फ्यू हटाइएको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी टोपेन्द्रबहादुर केसीले जानकारी दिनुभयो। उहाँले शान्तिसुरक्षाको अवस्था सामान्य बनेकाले कर्फ्यू हटाइएको उल्लेख गर्नुभयो।

अघिल्लो मङ्गलबार नेपालगञ्जमा तनाव उत्पन्न भएपछि दिउँसो १ बजेदेखि कर्फ्यू आदेश जारी गरिएको थियो । अवस्था सामान्य बन्दै गएपछि केही दिनयता दिउँसोको समयमा निषेधाज्ञा र राति कर्फ्यू लाग्दै आएको थियो।


## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा न. ११ साविक रिघा गा.वि.स. वडा नं. ०६ निवासी भारतीय भू.पू.सै.नं. ५०३४२९५ का सिपाही दल बहादुर थापा पल्टन ४/१ गोर्खा राइफलको पारिवारिक विवरण सिफारिस गरीपाऊँ भनी यस कार्यालयमा निवेदन दिनुभएकोमा गलकोट नगरपालिका ११ नं. वडा कार्यालयको चलानी नं. ३०४, मिति २०८०/०६/१५ को सिफारिस पत्रबाट निजको पारिवारिक विवरण तपसिल बमोजिम रहेको भनी प्रमाणित गरी पठाएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

| नेपाली ना.प्र.नं. को नामथर | पेन्सन अभिलेखको नामथर | नाता | नेपाली ना.प्र.नं. को जन्म मिति | पेन्सन अभिलेखको जन्म मिति |
|---|---|---|---|---|
| दल बहादुर श्रीस | दल बहादुर थापा | पेन्सनर | १९९९/०८/१५ | १९९९/१२/१२ |
| भिम कला श्रीस थापा | भिम कला | श्रीमती | २०१०/०९/१५ | २००३/०३/१७ |

जिल्ला प्रशासन कार्यालय, बागलुङ

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा न. ११ साविक रिघा गा.वि.स. वडा नं. ०४ निवासी भारतीय भू.पू.सै.नं. ६७८३३१३१८ का W/C हेम बहादुर थापा पल्टन 83 BN BSF को पारिवारिक विवरण सिफारिस गरपाऊँ भनी यस कार्यालयमा निवेदन दिनुभएकोमा गलकोट नगरपालिका ११ नं. वडा कार्यालयको चलानी नं. ३१४, मिति २०८०/०६/१५ को सिफारिसपत्रबाट निजको पारिवारिक विवरण तपसिल बमोजिम रहेको भनी प्रमाणित गरी पठाएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

| नेपाली ना.प्र.नं. को नामथर | पेन्सन अभिलेखको नामथर | नाता | नेपाली ना.प्र.नं. को जन्म मिति | पेन्सन अभिलेखको जन्म मिति |
|---|---|---|---|---|
| हेम बहादुर घर्ती | हेम बहादुर थापा | पेन्सनर | २००५/०८/१५ | २००६/०३/१८ |
| प्रमा घर्ती | प्रमा थापानी | श्रीमती | २०१०/०५/१९ | २०४८/०६/१५ मा अवकास हुँदा ३८ वर्ष |

जिल्ला प्रशासन कार्यालय, बागलुङ

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा न. ११ साविक रिघा गा.वि.स. वडा नं. ०८ निवासी भारतीय भू.पू.सै.नं. ५२४०५३२F का हवल्दार डिल बहादुर थापा पल्टन १/३ गोर्खा राइफलको पारिवारिक विवरण सिफारिस गरीपाऊँ भनी यस कार्यालयमा निवेदन दिनुभएकोमा गलकोट नगरपालिका ११ नं. वडा कार्यालयको चलानी नं. ३४६, मिति २०८०/०६/१८ को सिफारिस पत्रबाट निजको पारिवारिक विवरण तपसिल बमोजिम रहेको भनी प्रमाणित गरी पठाएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

| नेपाली ना.प्र.नं. को नामथर | पेन्सन अभिलेखको नामथर | नाता | नेपाली ना.प्र.नं. को जन्म मिति | पेन्सन अभिलेखको जन्म मिति |
|---|---|---|---|---|
| डिल बहादुर रास्कोटी भन्ने डिल बहादुर थापा | डिल बहादुर थापा | पेन्सनर | २०१०/१०/०८ | २०१०/१०/०८ |
| गंगा माया रास्कोटी भन्ने गंगामाया थापा | गंगा माया थापा | श्रीमती | २०१५/१०/०७ | २०१४/०९/१८ |

जिल्ला प्रशासन कार्यालय, बागलुङ

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा न. ११ साविक रिघा गा.वि.स. वडा नं. ०८ निवासी भारतीय भू.पू.सै.नं. ५२४२७९१F का हवल्दार चन्द्र बहादुर थापा पल्टन १/३ गोर्खा राइफलको पारिवारिक विवरण सिफारिस गरीपाऊँ भनी यस कार्यालयमा निवेदन दिनुभएकोमा गलकोट नगरपालिका ११ नं. वडा कार्यालयको चलानी नं. ३६६, मिति २०८०/०६/१९ को सिफारिस पत्रबाट निजको पारिवारिक विवरण तपसिल बमोजिम रहेको भनी प्रमाणित गरी पठाएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

| नेपाली ना.प्र.नं. को नामथर | पेन्सन अभिलेखको नामथर | नाता | नेपाली ना.प्र.नं. को जन्म मिति | पेन्सन अभिलेखको जन्म मिति |
|---|---|---|---|---|
| चन्द्र बहादुर सिंजाली | चन्द्र बहादुर थापा | पेन्सनर | २०११/१०/११ | २०१५/१२/१८ |
| मन कुमारी सिंजाली | मन कुमारी थापा | श्रीमती | २०११/०७/१६ | २०१८/०८/२७ |

जिल्ला प्रशासन कार्यालय, बागलुङ

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. ११ साविक रिघा गा.वि.स. वडा नं. ०७ निवासी भारतीय भू.पू.सै.नं. ५३४०६०६A का हवल्दार केश बहादुर थापा पल्टन २/४ गोर्खा राइफलको पारिवारिक विवरण सिफारिस गरीपाऊँ भनी यस कार्यालयमा निवेदन दिनुभएकोमा गलकोट नगरपालिका ११ नं. वडा कार्यालयको चलानी नं. २९६, मिति २०८०/०६/१४ को सिफारिसपत्रबाट निजको पारिवारिक विवरण तपसिल बमोजिम रहेको भनी प्रमाणित गरी पठाएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

| नेपाली ना.प्र.नं. को नामथर | पेन्सन अभिलेखको नामथर | नाता | नेपाली ना.प्र.नं. को जन्म मिति | पेन्सन अभिलेखको जन्म मिति |
|---|---|---|---|---|
| केश बहादुर घर्ती भन्ने केश बहादुर थापा | केश बहादुर थापा | पेन्सनर | २०१०/०९/०७ | २००९/०९/०५ |
| मना देवी घर्ती | मिआना देवी | श्रीमती | २०१०/११/१२ | २०११/१०/२० |

जिल्ला प्रशासन कार्यालय, बागलुङ